UNITED INSURANCE

च.नं.:२३६३।०७९।८०
मिति: २०८०।०१।०४

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषय: **विशेष साधारण सभा बस्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. को मिति २०८०/०१/०४ गते साँझ ४:३० बजे बसेको संचालक समितिको ३८६ औं बैठकको निर्णयानुसार मिति २०८० साल बैशाख २५ गते, सोमबार (तद्नुसार ८ मे, २०२३) बिहान ११:०० बजे अनमोल ब्याङ्ककेट, शंखमुल, काठमाण्डौंमा संलग्न सूचना बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गर्नका लागी विशेष साधारण सभा बस्ने व्यहोरा यहाँहरुको जानकारीको लागी अनुरोध गर्दछौं ।

भवदीय,

UNITED INSURANCE

अनिल गुरागाईं
कम्पनी सचिव

United Insurance Co. (Nepal) Ltd.
Website: www.unitedinsurance.com.np
Tel: 5111111 (Hunting Line) Fax: 977-1-5111112
E-mail: info@unitedinsurance.com.np

# यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि.

केन्द्रीय कार्यालय: थापाथली, ट्रेड टावर, पोष्ट बक्स नं. ९०७५
काठमाण्डौं, नेपाल, फोन नं.५१११११११, (Hunting Line) फ्याक्स ९७७-१-५१११११२
E-mail: info@unitedinsurance.com.np वेभ साईट www.unitedinsurance.com.np

## कम्पनीको विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**
यस यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. को संचालक समितिको ३८६ औं बैठकको निर्णयानुसार देहायको मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न यस कम्पनीको विशेष साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा समुपस्थितिको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, स्थान र समय**

मिति : २०८० साल बैशाख २५ गते, सोमबार (तद्नुसार ८ मे, २०२३)
स्थान : अनमोल ब्याङ्क्वेट, शंखमुल, काठमाण्डौं ।
समय : बिहान ११:०० बजे ।

<u>छलफलका विषयहरु :</u>

**(क) विशेष प्रस्ताव :**

१. यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२. यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लि. एक आपसमा गाभिए पश्चात बन्ने निर्जीवन बीमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा **"यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड"** तथा अंग्रेजीमा **"United Ajod Insurance Limited"** कायम हुने गरी सो नामबाट निर्जीवन बीमा व्यवसाय गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागी मूल्याङ्कनकर्ता एस.आर.पाण्डे एण्ड कम्पनी (S.R. Pandey & Co.) चार्टर्ड एकाउण्टेण्ट्सबाट तयार गरिएको यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लिमिटेडको चल/अचल सम्पत्ति, दायित्व तथा कारोबार मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit) तथा अन्य सम्वद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको शेयर अनुपात १००:८२.५ कायम

UNITED INSURANCE

गर्ने गरी गाभ्ने /गाभिने (Merger) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्न विशेष प्रस्ताव पारित गर्ने ।

४. यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी सहमति पत्र (Memorandum of Understanding), अन्तिम सम्झौता पत्र (Scheme of Arrangement) तथा अन्य भए गरेका सम्झौताहरु लगायत सम्पूर्ण काम कारवाहीको अनुमोदन गर्न विशेष प्रस्ताव पारित गर्ने ।

५. यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लि.एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागी दुबै कम्पनीको चल /अचल सम्पति दायित्व तथा कारोबार मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit) तयार गर्न नियुक्त गरेका लेखापरीक्षक/मूल्याङ्कनकर्ता एस.आर.पाण्डे एण्ड कम्पनी (S.R. Pandey & Co.) चार्टर्ड एकाउण्टेण्ट्सको नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

६. यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागी भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतिका लागी नियमनकारी निकायमा निवेदन दिने र गाभ्ने/गाभिने (Merger) कार्यसँग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने र गराउने र गाभ्ने/गाभिने (Merger) कार्य सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्न विशेष प्रस्ताव पारित गर्ने ।

७. यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने सञ्चालक समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार सञ्चालक समितिलाई दिने तथा गाभिए पछि बन्ने सञ्चालक समितिमा अजोड इन्स्योरेन्स लिमिटेडबाट भई आउनु हुने सञ्चालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

८. यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. को साविक सञ्चालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै बाँकी रहेता पनि गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भई साबिक दुबै कम्पनीबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पश्चात विद्यमान सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने तथा नयाँ सञ्चालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने कम्पनीको वार्षिक/विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।

९. यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लि. एक आपसमा गाभिए पछि कम्पनीको केन्द्रिय कार्यालय बागमती प्रदेश काठमाण्डौ महानगरपालिका वडा नं. ११, सुन्धारा, काठमाण्डौंमा

रहने तथा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव परित गर्ने ।

१०.यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लि. एक आपसमा गाभिए पश्चात कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको स्वामित्व प्रतिशत समेत फेरवदल हुने हुँदा कम्पनीको प्रबन्धपत्र र नियमावलीको दफामा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

११. यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. तथा अजोड इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी सम्झौता पत्र अनुसार कम्पनीको नाम, अधिकृत पूँजी, जारी पुँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने अन्य आवश्यक कार्य गर्ने साथै कम्पनीको प्रबन्धपत्र र नियमावलीमा सम्बन्धित दफामा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने । यस सम्बन्धमा गर्नुपर्ने उपरोक्त संशोधनहरु नियमनकारी निकायबाट फेरवदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरवदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

**ख) विविध :**

## विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात अथवा आफ्नो कुनै फोटो सहितको आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. विशेष साधारण सभामा उपस्थिति प्रयोजनका लागि मिति २०८० बैशाख १३ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८० बैशाख १३ गते भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भइ यस कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैकिङ लिमिटेड नारायणचौर, काठमाण्डौंको कार्यालयमा प्राप्त भएको विवरणहरुको आधारमा कायम हुन आउने शेयरधनीहरुले मात्र विशेष साधारण सभामा भाग लिन पाइने हुँदा सम्बन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन अनुरोध छ ।

३. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र वा नागरिकताको प्रमाण पत्र वा शेयरधनी प्रमाणपत्र लिई आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न सक्नेछन् । स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधिपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ । प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र (प्रोक्सी फारम) यस कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैकिङ लिमिटेड नारायणचौर, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ । प्रतिनिधिपत्र (प्रोक्सी फारम) दिने महानुभावको दस्तखत

UNITED INSURANCE

उपरोक्त शेयर खरिद गर्दाको अवस्थामा आफूले गरेको दस्तखतसँग मिल्नु पर्नेछ । अन्यथा प्रतिनिधिपत्र (प्रोक्सी फारम) ले मान्यता पाउने छैन । प्रतिनिधिपत्र (प्रोक्सी फारम) यस कम्पनीको वेभसाइटबाट पनि Download गर्न सकिनेछ ।

४. प्रोक्सी दिने दाताले प्रोक्सी दिए पछि आफै उपस्थित हुन वा प्रोक्सी बदर गर्न वा परिवर्तन गर्न चाहेमा सोको सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड नारायणचौर, काठमाण्डौंमा दिनु पर्नेछ ।

५. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सबै भन्दा पहिले प्राप्त भएको हो माथि (४) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वत: बदर हुनेछ ।

६. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९ बजे देखि खुल्ला रहनेछ । सभा सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कम्पनीको प्रदान कार्यालयमा ट्रेड टावर, थापाथली काठमाण्डौं कम्पनी सचिवसँग कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

७. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछ ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो प्रश्न गर्न चाहेको विषयबारे सभा हुनुभन्दा तीन दिन अगावै कम्पनीमा लिखित जानकारी गर्नु पर्नेछ । यस कम्पनीसँग सम्बन्धित भए नभएको औचित्य हेरी छलफलका निम्ति समावेस गरिनेछ भने पूर्व जानकारी नदिएको विषय उपर प्रश्न गर्न पाइने छैन् ।

१०. कम्पनी ऐन अनुसारको वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, सूचना तथा सामान्य जानकारी सम्बन्धी विवरण कम्पनीको वेवसाइट **www.unitedinsurance.com.np** मा उपलब्ध हुनेछ ।

११. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

UNITED INSURANCE

United Insurance Co. (Nepal) Ltd.
Website: www.unitedinsurance.com.np
Tel: 5111111 (Hunting Line) Fax: 977-1-5111112
E-mail: info@unitedinsurance.com.np